नयाँ सन्दर्भ साप्ताहिक

Naya Sandarbha Weekly

वर्ष : २५ अंक : २९ पृष्ठ ६ भद्रपुर वि.सं. २०७७ फागुन १६ *(February 28, 2021)* नेपाल सम्वत ११४१ मुल्य : रु.१०।-



**सबैको रोजाई**

मेची अञ्चल मै एक मात्र
सबै रोगहरुको भरपर्दो उपचारका लागि
अत्याधुनिक उपकरण जडित
विश्वसनीय चिकित्सकहरु भएको
चिकित्सा प्रतिष्ठान
अध्यक्ष : गोपालकुमार बस्नेत

**विर्तासिटी हस्पिटल**
विर्तामोड, झापा


# नयाँ सरकार गठनको खेल सुरु

काठमाडौं । संसद विघटन सवीच्च अदालतले बदर गरेपछि नयाँ सरकार गठनको खेल सुरु भएको छ । सत्ता समीकरणका लागि नेताहरूले जोड घटाउ थालिसकेका छन् । संसद विघटनपछि विभाजित नेकपाको अध्यक्षद्वय पुष्पकमल दाहाल प्रचण्ड र माधवकुमार नेपालले प्रतिपक्षी दलसँग सत्ता सहकार्यको प्रस्ताव अघि बढाएका हुन् ।

प्रचण्ड(माधवले कांग्रेस सभापति शेरबहादुर देउवालाई उनकै निवास बूढानीलकण्ठमा पुगेर सत्ता सहकार्यको प्रस्ताव गरेका थिए। देउवाले त्यही बिषयमा छलफल गर्नका लागि बिहीबार पदाधिकारी बैठक बोलाएका छन् । यता, प्रचण्ड(माधव पक्षले जनता समाजवादी पार्टी जसपाका नेताहरुलाई पेरीसडाँडामा बोलाएर बिहीबारै छलफल गरेका छन् । प्रचण्ड( माधव पक्षले दुवै पार्टीसँगको छलफल सकारात्मक भएको दाबी गर्दै आएको छ ।



संसद पुनःस्थापना भएपछि कांग्रेसमा तीन धार देखिएको छ । सभापति देउवा पक्ष प्रचण्ड(माधव पक्ष वा प्रधानमन्त्री ओलीसँग आफ्नो फाइदा पुग्ने गरि सरकारमा जान खोजेका उनी निकट स्रोत बताउँछ । तर, बरिष्ठ नेता रामचन्द्र पौडेल सरकारमा गएपनि प्रचण्ड(माधव पक्षसँग मात्रै जानुपर्ने मत राखिरहेका छन् । यता, अर्का नेता कृष्णप्रसाद सिटौला पक्षले सरकारमा जानै नहुने मत जाहेर गरिरहेका छन् । कांग्रेस सहमहामन्त्री डा। प्रकाशशरण महत तत्कालै सत्ता सहकार्य हुनसक्ने ठाउँ देख्दैनन् । 'उहाँहरु अहिलेसम्म एउटै पार्टीमा हुनुहुन्छ । पार्टी विभाजन नै भएको छैन' उनले भने, 'सरकार सञ्चालनमा उहाँहरुको आफ्नै मत पुग्नसक्छ । त्यसैले हामीले अहिल्यै औपचारिक निर्णय गरेर सरकारमा जान्छौँ भन्दैनौँ ।' नेकपाको दुवै पक्षबाट प्रस्ताव आएको भएपनि सरकार सञ्चालनमा काँग्रेस कतैपनि नजाने उनको तर्क छ । 'अब पार्टीको बैठक बस्दै छ । त्यसले के निर्णय गर्छ हेर्न बाँकी छ' उनले भने ।

प्रचण्ड-माधव पक्षले जसपाका अध्यक्ष महन्थ ठाकुर, वरिष्ठ नेता राजेन्द्र महतो र राजेन्द्र श्रेष्ठसँग बिहीबार छलफल गरेका छन। छलफलमा जसपाका नेताहरुले सरकारमा सहभागी हुनका लागि केही सर्त अगाडि सारेका छन् । छलफलको सुरुमै प्रचण्ड-माधवलाई कुन पार्टीको हो भन्दै प्रश्न गरेको बरिष्ठ नेता राजेन्द्र महतोले बताए । 'संविधान जारी गर्ने बेलामा प्रतिगमन भएको थियो । उहाँहरुले कांग्रेससँग मिलेर मधेशी दललाई एकल पार्नुभएको थियो' उनले भने, संविधान संशोधन र हाम्रा बन्दी साथीहरुलाई फुकुवा गर्नुपर्छ । त्यसपछि मात्रै सत्ता सहकार्यको प्रस्तावमा छलफल गर्न सकिन्छ ।' प्रधानमन्त्री ओलीले प्रतिगमनको बाटो अंगालेको हुनाले अब सत्ता सहकार्यबारे त्यता नसोचेको जसपा नेता रामबाबु यादव बताउँछन् । 'प्रचण्ड-माधव पक्षबाट सत्ता सहकार्य प्रस्ताव आएको छ । ओली पक्षबाट पनि आउला' उनले भने, 'अकी पक्षसँग सत्ता सहकार्यको सम्भावना रहे पनि ओली पक्षसँग कुनै पनि हालतमा सत्ता सहकार्य हुन्न ।' ओलीसँग पहिले पनि सहकार्य गर्दा आफ्नो स्वार्थको लागि मात्रै प्रयोग गरेको उनको तर्क छ । 'उहाँले संविधान संशोधनको शर्तसहित सरकारमा हाम्रो पार्टी गएको थियो । तर, सरकारमा गएपछि उहाँले कहिल्यै हाम्रो एजेण्डा सोच्नुभएन' उनले भने । प्रचण्ड-माधव पक्षले आफ्नो पार्टीको एजेण्डा पुरा गर्ने शर्त राखे सरकारमा जान सकिने उनले बताए ।

## पाँच वटा सशस्त्र प्रहरीको बोर्डर आउटपोस्ट स्थापना



– **सन्दर्भ समाचारदाता**

मेचीनगर । झापामा एकै पटक पाँच वटा सशस्त्र प्रहरीको बोर्डर आउट पोस्ट (बिओपी) स्थापना गरिएको छ। सीमा क्षेत्रको शान्ति सुरक्षा मजबुत बनाउने उद्देश्यले बोर्डर आउट पोस्ट (बिओपी) स्थापना गरिएको हो । योसँगै जिल् लामा सशस्त्र प्रहरीको बिओपीको सङ्ख् या १७ पुगेको छ ।

मेचीनगर नगरपालिका– ५ स्थित नकलबन्दामा, सशस्त्र प्रहरीको बोर्डर आउट पोस्टको उद्धाटन, सशस्त्र प्रहरी बल नेपाल नम्बर १ बराह वाहिनी पकलीका वाहिनीपति डिआइजी वंशीराज दाहाल, मेचीनगर नगरपालिकाका मेयर विमल आचार्य, उपमेयर मिना पोखरेल उप्रेती र झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले संयुक्त रुपमा उद्धाटन गरेका हुन् ।

उद्धाटन समारोहमा डिआइजी दाहालले मेचीनगर नगरपालिका(१ स्थित तिरीङ, भद्रपुर नगरपालिका(३ स्थित महेशपुर, झापा गाउँपालिकाको पन्थापाडा र गौरीगञ्जको आमगाछीमा सशस्त्र प्रहरीको बोर्डर आउट पोस्टको उद्धाटन भएको घोषणा समेत गरेका थिए । प्रत्येक बिओपीमा प्रहरी निरीक्षक वा प्रहरी नायव निरीक्षकको कमान्डमा २५ जना सुरक्षाकर्मी खटाइने बताए । यसअघि झापाको बाहुनडाँगी, काँकडभिट्टा, ज्यामिरगढी, पाठामारी, केचना, भागडुब्बा, टाघनडुब्बा, गौरीगञ्ज, घेरावारि, कुञ्जीवारि, भद्रपुर र पृथ्वीनगर गरी १२ वटा बिओपी स्थापना भइसकेको छ ।




### झापा स्पोर्टस् अवार्ड २०७६ सार्वजनिक

बिर्तामोड । झापा स्पोर्टस् अवार्ड २०७६ मनोनयनमा परेका झापाका खेल प्रतिभा सार्वजनिक गरिएको छ । सोमबार बिर्तामोडमा पत्रकार सम्मेलन गरेर नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) जिल्ला समन्वय शाखा झापाले अवार्डको चौथो संस्करणको मनोनयनमा परेका चार विधाका खेल प्रतिभा सार्वजनिक गरेको हो ।

'झापा स्पोर्टस् अवार्ड' चौथो संस्करणका लागि विभिन्न चार विधामा प्रत्येक विधामा तीनतीनजना र दुई विधामा छनोट समितिले प्रतिभाको लोकप्रियताको आधारमा एकएकजना सिधै छनोट गरेको प्रतिभा छनोट समितिका संयोजक सचित आनन्द सुब्बाले जानकारी दिए ।

वर्ष उत्कृष्ट खेलाडी पुरुषमा अनन्त तामाङ –फुटबल, सेसेहाङ आङदेम्बे –फुटबल । छिरिङ गुरुङ –फुटबल, वर्ष उत्कृष्ट खेलाडी महिलामा जुनी राई


**बाँकी पृष्ठ ४ मा**


## कांग्रेस सत्ता र सरकार केन्द्रीत हुँदैन : सिटौला

– **सन्दर्भ समाचारदाता**

भद्रपुर । " तपाईंले झापामा कार्यकर्तालाई र संचारकर्मीसंग न्यायलयले संबिधान अक्षरश पालना गरेमा संसद पुनःस्थापना हुन्छ, भन्नुभएको थियो । सौभाग्यवस संसद पुनःस्थापना भयो । अव के भन्नुहुन्छ ?" भन्ने नयाँ सन्दर्भको जिज्ञासामा, सिटौलाले भने, "न्यायलयप्रति आम नेपालीजनताको अटुट् बिश्वास कायम रह्यो । मुख्य कुरा सर्वोच्चको फैसलाबाट संविधानको रक्षा भएको छ ।"

उनले अगाडी भने, "अव कांग्रेसले लिने निर्णय सत्ता र सरकार केन्द्रीत हुँदैन । नयाँ परिस्थिति तथा यसबाट उत्पन्न राजनीतिक घटनाक्रमलाई पनि विश्लेषण गर्नुपर्ने हुन्छ । के गर्दा राष्ट्र र जनताको हितमा हुन्छ त्यही विषयमा छलफल गरी हामी निर्णयमा पुग्छौं । के गर्दा लोकतन्त्र र लोकतान्त्रिक शासन सुदृढ हुन्छ, के गर्दा विकास, सुशासन र समृद्धि हुन्छ त्यसतर्फ हाम्रो ध्यान केन्द्रीत हुनेछ ।"


**भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**भद्रपुर (झापा) प्रदेश नं. १ को**

**जनहितमा जारी सूचना**

- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी-किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।



**अर्जुनधारा नगरपालिकाको कार्यालय**
**शनिश्चरे (झापा) प्रदेश नं. १ को**

**जनहितमा जारी सूचना**

- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी-किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।



**रोशनी ज्वेलर्स**
भद्रपुर-१० (बजार लाईन), चन्द्रगढी
प्रो. रञ्जु साह/ मुकेश साह
२४ क्यारेट
सम्पर्क : ९८६३६१४२७०
विना रसायत





**सुनगाभा सपिङ्ग सेन्टर**
भद्रपुर-१०, झापा
सेन्चुरी बैंक तल
०२३४५५९७२
निरज निरौला
९८५२६२०२७७
घर तथा अफिस डेकोरेसन तथा फर्निसिङ्ग सामाग्रीको थोक तथा खुद्रा विक्रेता




# जनताले सरकारमा जाने म्यान्डेट दिएकै छैन : गगन थापा

प्रधानमन्त्री केपी शर्मा ओलीको प्रतिनिधि सभा विघटन गर्ने निर्णयलाई सर्वोच्च अदालतले बदर गरिदिएपछि नेपाली राजनीतिको केन्द्रमा फेरि नेपाली कांग्रेस आइपुगेको छ । अब बन्ने सरकारको नेतृत्व आफैंले गर्ने, सरकार बनाउन अरूलाई सहयोग गर्ने कि प्रतिपक्षकै भूमिकामा बस्ने भन्नेबारे कांग्रेसभित्र र बाहिर बहस चलिरहेको छ ।

अब कांग्रेस कसरी अगाडि बढ्छ ? भावी राजनीतिमा उसको भूमिका कस्तो रहन्छ ? प्रसतुत् छ, यिनै प्रश्नको सेरोफेरोमा कांग्रेस केन्द्रीय सदस्य गगन थापासँग संचारकर्मी प्रशन्न पोखरेलले गरेको कुराकानीको सम्पादित अंश

नेकपाका दुबै पक्षले अहिले कांग्रेससँग सहयोग मागिरहेका छन्, के सहयोग मागेका हुन् ?

–हामीले पनि सहयोग मागेको भन्नेमात्र सुनेको हो । अनुमान लगाउँदा, सत्ता समीकरणमा सँगै बसौं । सरकारमा सँगै बसौं भन्ने नै होला भन्ने अनुमान लगाउन सकिन्छ ।

प्रचण्ड(नेपाल नेकपाको एउटा समूह छ । बेग्लै पार्टी छैन । यसलाई तपाईंले कसरी हेर्नुभएको छ ?

–हाम्रो लागि नेपाल कम्युनिष्ट पार्टी नेकपा अहिले पनि एउटै छ । नेकपाभित्र विवाद छ । सडकमा विवाद छताछुल्ल भएको छ । पुस ५ पछि विवादले सीमा नाघेको थियो । वैधानिक रूपमा नेकपा एउटै छ भन्ने ख्याल कांग्रेसले राखेर त्यसका आधारमा धारणा बनाउनुपर्छ । सर्वोच्चले प्रतिनिधि सभा पुनर्स्थापना गरेपछि त पुस ५ अघिकै अवस्थामा नेकपा छ ।

पार्टी बेग्लाबेग्लै नभएसम्म सहयोग, छलफल र अफरका केही अर्थ छन् र ?

–हामी प्रयोग भइरहेका छौं कि भनेर पहिले पनि मैले भनेको थिएँ । अहिले पनि नेकपाका एउटा समूहले अर्को समूहलाई आफ्ना कुरा स्थापित गर्न र भेटघाटबाट एकअर्कालाई तर्साउन खोजेकोजस्तो देखिन्छ ।

नेकपाका लागि हामी प्रयोग भइरहेका छौं भन्ने कांग्रेसलाई लागेको छ कि छैन ?

–कांग्रेसले संविधानको रक्षा गर्ने र विधिको शासन कायम गर्ने कुरामा केही चुक्यौंजस्तो लाग्छ । यता काजु उता किसमिस भनेर बस्यौं भने फेरि त्यसकै निरन्तरता हुन्छ । हामी अप्ठेरोबाट बाहिर निस्केका छौं, देशलाई निकास चाहियो । नेकपाले निकास दिन सक्दैन भने कांग्रेसको भूमिका आउँछ, हामीले निकास दिने हो । निकास दिनेबारे हाम्रो भूमिका हुन्छ तर सरकार चलाउने वा सरकारमा बस्ने हामीलाई म्याण्डेट नै छैन । यो अवधि नेकपाले खेर फाल्यो, कांग्रेसले प्रतिपक्षी भूमिका खेल्ने र निर्वाचनको तयारी गरेर निराश



– संसद गगन थापा

भएका जनतालाई कांग्रेसले नयाँ योजना, कार्यक्रम, सोच र संकल्पका साथ जानुपर्छ । जनमतपछि एकमनाको सरकार पाँच वर्ष चलाउँछौं भन्ने सोच कांग्रेसले राख्नुपर्छ । यता हो कि उता हो कि भनेर झिंगे दाउका पछि लाग्न हुन्न ।

सभापति शेरबहादुर देउवाले नेकपा भित्रको झगडाको असर कांग्रेसमा पर्यो भन्नुभएको थियो। केही संकेत पाउनु भएको छ ?

–कांग्रेसमा यसबीचमा प्रष्ट मतभिन्नता देखियो । ढाकछोप गर्नु जरूरी छैन, अलमलमा पर्न हुँदैन्थ्यो । प्रधानमन्त्रीको कदम असंवैधानिक र अलोकतान्त्रिक भनेर हामीले निर्णय गरेपछि त्यहीअनुसार जानुपथ्र्यो चुनाव हुन्छ हुन्छ भन्न हुन्नथ्यो । अर्को कुरा हामी सरकारमा जानेबारे च्याँखे दाउ हान्न हुन्न । जनताले हामीलाई त्यो म्यान्डेट दिएकै छैन । बरू हामीले अर्को आमनिर्वाचनको तयारी गर्नुपर्छ ।

निर्वाचनको कुरा गर्नुभयो, कुन सरकारले निर्वाचन गराउँछ ?

–प्रधानमन्त्री केपी शर्मा ओलीले प्रधानमन्त्रीमा निरन्तरता दिने योग्यता सबै गुमाइसक्नुभयो । यो संसदले कुनै न कुनै सरकार त बनाउँछ । हामी सरकारमा जाने होइन । हामीले नेतृत्व गर्ने होइन । तर निकास दिनुपर्ने हुन सक्छ । के गर्दा संविधान जोगाउने कुरामा मद्दत पुग्न सक्छ भन्ने हामीले हेर्ने हो । पहिले नेकपाले आफ्नो कुरा टुंग्याउनुपर्छ । नेकपा नै आत्मआलोचना गरेर देशी विदेशी शक्तिको षड्यन्त्र थियो, क्रान्तिकारी कमरेडहरू एक हुनुपर्छ भनेर लड्डु खाँदै नाच्दै गाउँदै आउनुभयो र हामी एक भयौं भन्नुभयो भने अहिलेदेखि कांग्रेस यता जाने उता जाने भनेर बेकारमा टाउको किन दुखाउने ?

बरू कांग्रेसले आफ्नो पोजिसन तय गर्नुपर्छ । हामी जुनसुकै परिस्थितिमा सरकारमा जानौं । कसैलाई सहयोग गरौंला । तर हामी जानौं । हामी अर्को निर्वाचनको तयारी गर्छौं । अहिले सबैजना कांग्रेस के गर्छ भनिरहेका छन् । अहिले नेकपा कसरी जान्छ भन्ने कुरा महत्वपूर्ण हो ।

फागुन २४ मा प्रतिनिधि सभा बैठक बस्दैछ । नेकपा यही अवस्थामा संसदमा गयो भने परिदृश्य के होला ?

–अनुमान गर्न गाह्रो छ । उहाँहरूले एकअर्कालाई कारवाही गरेको दलबाट निकालेको अवस्था छ । यी सबै कुरा निरूपण नभई संसदमा आयो भने ठ्याक्कै अनुमान लगाउन गाह्रो छ । यसबीचमा प्रचण्ड(नेपालले निर्वाचन आयोगमा राखेका माग पूरा गरिदियो भने यी सबै कुरा हामीले हेर्ने हो ।

नेकपा भित्रबाटै ओलीलाई प्रधानमन्त्रीलाई हटाएर अर्को प्रधानमन्त्री बन्ने अवस्था देख्नुहुन्छ कि हुन्न ?

–त्यो हुन सक्छ । हामी प्रतिपक्षमा बस्ने हो । हेर्ने हो ।

केही गरी नयाँ सरकार बनेन भने ओलीकै नेतृत्वमा चुनावमा जान कांग्रेस तयार हुन्छ कि हुँदैन क?

–प्रधानमन्त्री ओलीले अब प्रधानमन्त्री ओलीका रूपमा काम गर्ने वैद्यता केही पनि राख्नुहुन्न भन्ने मेरो ठहर हो । प्रधानमन्त्रीले राजीनामा दिनुपर्छ । नेकपाले अविश्वास प्रस्ताव ल्याउने र प्रधानमन्त्री बदलिने अवस्था छ ।

प्रधानमन्त्री ओलीले छुट्टै पार्टी बनाउनुभयो भने त्यसबेला कांग्रेस सरकारको नेतृत्व पाए लिन्छ कि लिँदैन ?

–हामी सरकारमा जान तयार हुनुहुन्न । प्रधानमन्त्री ओलीले शासन गर्ने वैधता गुमाइसक्नुभएको छ । उहाँसँग फाइदा हुन्छ भनेर हामी समीकरणमा गयौं भने त त्यो आत्मघाती हुन्छ। पार्टीलाई दीर्घकालीन क्षति हुन्छ ।

नेकपाभित्र विवाद भएको मौकामा कांग्रेसले किन फाइदा नलिने भन्ने मत पनि छ नि ?

–हो फाइदा लिनुपर्छ । फाइदा लिने भनेको नेपालमा कम्युनिष्टको संख्या घटाएर कांग्रेसको संख्या बढाउने । कम्युनिष्ट पार्टी एक नै होओस् त्यसलाई परास्त गर्न संगठन निर्माण र जनविश्वास निर्माण गर्ने बेला हो यो । केही मन्त्रालय लिएर लुटुपुटु गरेर आठ महिना प्रधानमन्त्री भएर पार्टीलाई फाइदा हुन्न ।

अबको चुनावपछि सरकार चलाउने भन्न खोज्नुभएको हो ?

–हो । प्रतिनिधि सभाको यो बाँकी रहेको दुई वर्ष अवधिमा सरकारमा जानेबारे सोच्दै नसोच्ने हो । फाइदा हुन्छ भन्ने नठान्ने । अहिलेदेखि नै अब आउने चुनावबारे तयारी गर्ने हो ।

प्रतिनिधि सभा बैठक सुरू भएको कति समयमा मुलुकले निकाश पाउँला ?

–केही समय लाग्छ । एक महिनाजति लाग्छ कि भन्ने लाग्छ । त्यसपछि एउटा बाटो समात्ला । किनभने, प्रतिनिधि सभा मार्ने र बचाउनेको भेट संसदमा हुँदैछ । प्रतिनिधि सभा विघटनलाई बदर भइसकेको अवस्थामा पनि विघटन गर्ने निर्णय ठिक थियो भन्ने हठका साथ उहाँहरू आउँदै हुनुहुन्छ । त्यो निर्णयबारे लालुपाते कुरा गरेको संविधानसभाका पूर्वअध्यक्ष सुवासचन्द्र नेम्वाङको त दुःखसाथ भन्नुपर्छ, यतिखेर आएर फेरि बोलेर उहाँले थप आफूलाई हल्का बनाउने कुरा हो । उहाँले अध्यक्षको मर्यादा राख्न सक्नुभएन । तनावपूर्ण अलिअलि भइहाल्छ तर निकास निस्कन्छ ।

महाधिवेशनको पनि कुरा गरौं । अब तपाईं के पदमा उठ्ने ?

–साथीहरूसँग कुराकानी भइरहेको छ । महामन्त्रीमा जिम्मेवारी लिनुपर्छ भन्नेखालको कुरा पनि छ । अब तीन चार महिना हेरौं अनि मात्र भनौंला । १३ औं महाधिवेशनकै टिम हामी एकै ठाउँमा उभिन्छौं । हाम्रो निर्णय एकै हुन्छ । यही टिम उठ्ने भन्ने होइन हामीले गर्ने निर्णय एउटै हुन्छ । महाधिवेशनमा त्यो निर्णय निर्णायक हुनुपर्छ भन्ने हो ।



मोडेल : शिखा खरेल

विद्यार्थी, शिक्षक, कर्मचारी
परिचय-पत्रको लागि
कम्प्युटर प्वाइन्ट चन्द्रगढी
भद्रपुर-७ (चन्द्रगढी), झापा
सम्पर्क : ०२३४५५७०६




अर्गानिक चिया पिऔं, स्वास्थ्य जीवन जिऔं
ग्रिनहिल टी हाउस
अर्गानिक ग्रिन टी — ध्यू, छुर्पी
गोल्डेन टी — अकवरे खोर्सानी
ह्वाईट टी — किवि फल, ललीपप
अर्थोडक्स टी — ग्राउन एप्पल
हामी कहाँ यी सामग्री सुपथ मुल्यमा उपलब्ध छन्
सम्पर्क : ९८५२६४६४१०, ९८४२६४६४१०
उत्पादक : ग्रिनहिल अर्थोडक्स चिया प्रशोधन उद्योग, साखेजुङ-४, इलाम

बिर्तामोड नगरपालिका
बिर्तामोड (झापा) प्रदेश नं. १ को
जनहितमा जारी सन्देश
"पूर्वाधार नगर, विषादिरहित कृषि र व्यवसायको अभिवृद्धि सभ्य र स्वास्थ्य नागरिक बिर्तामोड नगरपालिकाको समृद्धि"
- सडकको अधिकार क्षेत्रभित्र निर्माण सामग्री नराखौं ।
- घर निर्माण गर्दा इजाजत लिएरमात्र निर्माण कार्य शुरु गरौं
- भवन निर्माण गर्दा नगरपालिकाले स्वीकृत गरेको मापदण्डभित्र कम्तीमा २ वटा बिरुवा रोपण गरौं । जग्गा खण्डीकरण गर्दा नगरपालिकाको पूर्व स्वीकृत लिनु अनिवार्य छ ।

विविध जातका फूलका बिरुवा तथा विउविजनका लागि हामीलाई सम्झनुहोस् ।
न्यू उदेश नर्सरी
भद्रपुर-८, झापा



निर्माण जगतमा
मजबुद नाम
मनषा सिमेन्ट




निर्माण जगतमा
एक मजबुद शक्ति
ने.गु.नं. ३८५
ISO 9001:2008
Reg. No. RQ977/6760
गोरखकाली सिमेन्ट
AN ISO 9001:2008 CERTIFIED COMPANY





नेपाल स्वर्णकला भवन
भद्रपुर-६ (झापा)
फोन नं. : ०२३-५२०३५९
झापाको एक मात्र २४ क्यारेटको रसायन बिनाको गहनाको लागि
म्यानेजिङ्ग डाइरेक्टर सुभाषरत्न शाक्य
यहाँ हरेक डिजाइनका सुन र चाँदीका गहनाहरु ग्यारेन्टीका साथ बनाइन्छ ।
बिहीवार पसल बन्द रहने छ ।

ओम साई पाथीभरा हस्पिटल प्रा.लि. भद्रपुरमा अब थप नयाँ सेवासहित
❖ल्याप्रोकोपी सर्जरी सेवा ❖स्त्री तथा प्रसुति रोग विशेषज्ञ सेवा ❖नाक, कान तथा घाँटी रोग विशेषज्ञ सेवा :
❖फिजिसियन विशेषज्ञ सेवा ❖दन्त रोग विशेषज्ञ सेवा :
❖डायलाईसिस सेवा र डायलाईसिस गर्नु पर्दा लगाईने फिस्टुला सेवा ❖ बाल तथा नवजात शिशुरोग विशेषज्ञ सेवा ❖ मानसिक तथा स्नायुरोग विशेषज्ञ सेवा ❖ छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ सेवा
❖ भिडियो एक्स-रे सेवा ❖ मुटुको ईसीजी तथा ईको कार्डियोग्राफी सेवा ❖ पेटको ईण्डोस्कोपी सेवा
फिजियोथेरापी सेवा ❖ एसी क्याबीन तथा जनरल क्याबीन रुम सेवा
चौबिसै घण्टे सेवा : इमरजेन्सी सेवा, सिटी स्क्यान सेवा, डिजिटल एक्स-रे सेवा, प्याथोलोजी (ल्याब) सेवा, फार्मेसी सेवा, एम्बुलेन्स सेवा
भद्रपुर-९, सगरमाथा चौक, झापा, फोन नं. : ०२३-४५६५८१, ४५६९८१ मो. नं. : ९८५२६७८८२०

नयाँ सन्दर्भ साप्ताहिक । प्रकाशक तथा सम्पादक : गोविन्द चन्द छेत्री ९८४२६३७०८४ । कार्यकारी सम्पादक : द्रोण अधिकारी ९८४२६२८७९१ । कार्यालय : भद्रपुर-८, झापा, ०२३५२००९३
सह-सम्पादक : विगम श्रेष्ठ ९८०४९१६३२१। कम्प्युटर:अलिसा श्रेष्ठ । वेनाम सुब्बा । Email : nayasandarva@gmail.com मुद्रण राजु अफसेट प्रिन्टीङ् प्रेस, बुद्धशान्ति

साहित्य खेलकुद मनोरञ्जन स्वास्थ्य

# अत्यन्तै हानिकारक पाँच सेता खाद्य पदार्थ

–डा सुधाश्री अधिकारी

व्यस्त जीवनशैलीका साथै स्वाद र बनावटले गर्दा आजकाल बजारमा प्रशोधन गरिएका खानेकुराको माग बढ्दो छ। मुख्यतयाः हाम्रो शरीरलाई असर गर्ने भनेको पञ्च श्वेत खाद्य अर्थात् पाँच सेता खानेकुरा हुन् । पञ्च श्वेत खाद्ध भन्नाले ती खाद्ध हुन्, जसले हाम्रो शरीरलाई नराम्रो असर पारिरहेका हुन्छन् । प्रशोधन गरिएको अर्थात् सेतो चामल, मैदा, चिनी, नुन र पास्चराइज गरिएको दूध । यी पाँच सेता खानेकुरा हामी दैनिक रुपमा उपभोग गरिरहेका हुन्छौं ।

सेतो चामल

दैनिक रुपमा प्रयोग गर्ने सेतो चामलले हामीलाई रोगको नजिक पुर्याइरहेको छ । सेतो चामल प्रशोधित चामल हो जसमा पोषणको मात्रामा स्टार्चबाहेक अरु केही हुँदैन । यो स्टार्च यस्तो प्रकारको खाद्ध हो जुन पाचन प्रकियामा छिट्टै जान्छ र रगतमा ग्लुकोजको मात्रालाई बढाउँछ । यस्तो चामलको सेवनले छिटो भोक लाग्ने हुन्छ । भोक लागेपछि हामी छिटोछिटो केही न केही खाइरहेका हुन्छौं । जसले हाम्रो शरीरमा गएर इन्सुलिनको मात्रलाई अत्यधिक रुपमा बढाइदिन्छ र भविष्यमा मोटपना र अन्य दीर्घकालीन रोगहरुको सिकार बनाउँछ । त्यसैले यसको सट्टामा सम्पूर्ण अन्न नै रोज्ने गरौं, जस्तैः खैरो चामल वा प्रशोधन नगरिएको चामल ।

मैदा

मैदा यस्तो खाद्यान्न हो जसलाई हामीले दैनिक रुपमा उपयोग गरिराखेका हुन्छौं । मैदालाई प्रशोधन गरेर बनाइएको हुन्छ । यसलाई सेतो बनाउनका लागि ओलोक्सन एक रसायनिक ब्लिचिंग एजेन्टको प्रयोग गरिन्छ जुन हाम्रो शरीरको लागि हानिकारक छ ।

सबैले अनुभव गरेकै कुरा हो, जब मैदाबाट बनेका खानेकुरा खाइन्छ, पेटमा केही न केही समस्या उत्पन्न हुन्छ । मैदाबाट बनेका परिकार मःम, चाउमिन, बिस्कुट र बेकरीले शरीरमा भएको इन्सुलिन भन्ने हमीन निक्लने




बेटा सेललाई नोक्सान पुर्याउँछ, जसले गर्दा भविष्यमा मधुमेह र अन्य दीर्घरोगको शिकार बनाउँछ ।

चिनी

चिनी एक यस्तो खाद्य वस्तु हो, जुन बिहान उठ्ने बित्तिकैदेखि प्रयोग हुन थाल्छ । हाम्रो पेट बेलुकी खाना खाएपछि बिहान उठ्ने समयसम्म खाली भइसकेको हुन्छ । खाली पेटमा एकाबिहानै दूध र चिनी हालेको चिया र मैदाबाट बनेका खानेकुरा खाने गरिन्छ, जुन रोगको घर हो । चिनीमा क्यालोरी पनि धेरै हुन्छ र पोषण पनि नहुने भएको हुनाले यसलाई खाली क्यालोरी पनि भनिन्छ । चिनीको सेवनले शरीरलाई केही फाइदा हुँदैन । शरीरको तौल बढाउने र विभिन्न रोग उत्पादन गर्ने काम मात्र गर्छ चिनीले । त्यसैले प्रशोधन गरिएको चिनी कुनै खानेकुरामा समावेश नगर्दा राम्रो हुन्छ ।

नुन

नुन शरीरको लागि आवश्यक त छ तर थोरै मात्रामा । यदि धेरै मात्रामा नुन सेवन गरियो भने शरीरलाई नुनीकरण गर्नका लागि शरीरमा भएको पानीको मात्रा उपयोग हुन जान्छ र रगतको चापलाई बढाइदिन्छ जसले गर्दा मानिस उच्च रक्तचापको सिकार हुन पुग्छ ।

हामी दैनिक प्रशोधन गरिएको नुन प्रयोग गरिराखेका हुन्छौं । नुन प्रशोधन गर्ने क्रममा फ्लोराइडको प्रयोग गरिएको हुन्छ जसले शरीरलाई नराम्रो असर गर्छ । अर्को कुरा, हामी आयोडिन हालिएको नुन प्रयोग गर्छौं । यसले फाइदा त पुर्याउँछ तर के आयोडिन सामान्य तापक्रममा पनि बाफमा परिवर्तन हुन जान्छ र खाना बनाउने क्रममा उडेर जन्छ । त्यसैले आयोडिनको लागि नुनको सेवन गर्दा खानामा अन्त्यमा मात्र हाल्ने गरौं र कम मात्रामा प्रयोग गरौं। यदि नुन सेवन गर्नु नै छ भने सबैभन्दा उत्तम भनेको सिदे नुन अथवा वीरे नुन रोज्ने गरौं ।

पास्चराइज गरिएको दूध

दूध भन्ने बित्तिकै कतिपयलाई शरीरको लागि महत्त्वपूर्ण चिज हो जस्तो लग्ला । दूध शरीरको लागि राम्रो त हो तर अन्न र हरियो घाँस खुवाएर पालिएका पशुबाट उत्पादन गरिएको छ भने मात्र । तर आजकलको आधुनिकीकरणले हाम्रो दैनिकीमा धेरै परिवर्तन ल्याएको छ जसले गर्दा बजारमा पाइने पास्चराइज गरिएको दूध प्रयोग गरिरहेका छौं । यस्तो दूधले शरीरलाई फाइदा गर्नुको साटो बेफाइदा गरिरहेको छ ।

पास्चराइज गरिएको दूध लामो समयसम्म त बिग्रँदैन तर यो पद्दतिमा दूधमा पाइने पोषक तत्व जस्तैः भिटामिन ए, बि १२ र सी नष्ट भएर जान्छ । त्यसैगरी यसले हाम्रो शरीरलाई चाहिने शुद्ध दूधमा पाइने ब्याक्टेरिया पनि नष्ट गर्छ । दूध हामीले क्याल्सियमको परिपूर्तिका लागि खाइरहेका हुन्छौं तर पास्चराइज गर्ने क्रममा क्याल्सियम हाम्रो शरीरमा अवशोषण गर्नको लागि चाहिने फास्फेट इन्जाइमलाई नष्ट गरिदिन्छ र शरीरमा क्याल्सियमको कमी देखा पर्न जान्छ अझ महत्वपूर्ण कुरा, आजकल पशु फार्महरुमा दूधको उत्पादन बढाउनका लागि विभिन्न थरीका हमीन र भिटमिनको प्रयोग गरिन्छ । हामीले दूधसँगै ती हमीनहरु पनि खाइरहेका हुन्छौं । यस्ता हमीनहरुले शरीरमा नकारात्मक असर गरिरहेको हुन्छ । त्यसैले सकेसम्म कुनै हमीन प्रयोग नगरिएको दूध सेवन गरौं

(डा अधिकारी पोषण वैज्ञानिक हुन् ।)

## मुक्तक

निशा के.सी.



आसपास, घ्वाइँकासा, र गोटी नबिर्सनू
दु:खको विकट कर्णाली र डोटी नबिर्सनू
पिजा बर्गरको राजधानीमा तिमी भए पनि
आधाआधा बाँडेर खाएको, रोटी नबिर्सनू ।

## प्राज्ञ पवन राजवंशीद्वारा रचित राजवंशी कविता

दादोर मुखे सुनु मुई--अघन पुष कोचेर हाउँस,
धानेर गरमे फेके ताउँस ।
सोदोर मेज्वानेर ओलगेल सिनान कर्ले माखे तेल,
गाति उर्हिए देखि नाच, केतेक खाबो सरीपरा माच ।
दादोर मुखे-----
कुहोँसिर दिना भाका खाई, पोरत् बठीए पिठ छबाई ।
लाफ सागेर खाई पेल्का सिठ, रसिया खाबार बास्या मिठ
दादोर मुखे-----
हाउली-बेधार च न छिले, हाउँसे रंगे काम करी ।
पईंच पैंचातीर मान रहे,साल्हाअ लिले पान धरी
दादोर मुखे सुनु मुई------।













# आमाको गर्भमा नभएको सुरक्षा कहाँ खोज्ने ?



–जानुका ढुंगाना

भनिन्छ नारी देवीको अवतार हो । उनीहरुको सम्मान हुनुपर्छ । नारी पुरुष रथको दुई पाङ्ग्रा हुन् । कुनै एकको खराबीले पनि घर चल्न मुस्किल पर्छ भन्ने उक्तिसँगै आजकल हाम्रो समाजका हरेक क्रियाकलापमा पुरुष सरह नै महिलाहरुको सहभागिता भएको देखिन्छ । देशको राजनीति क्षेत्रदेखि अन्य निजामती क्षेत्र, व्यावसायिक क्षेत्र, विभिन्न कलाकारिता नाट्य क्षेत्र, धार्मिक सास्कृतिक क्षेत्र लगायत धेरै ठाँउहरुमा महिलाको उपस्थिति र कार्य सम्पन्नताको जिम्मेवारी बराबर देखिन्छ । एउटा घरभित्रको चुलोचौको, बालबच्चा र अन्य घरायसी जिम्मेवारीको बाबजुद बाहिरी कामकाजमा जुट्नु उति सजिलो छैन । यद्यपि उनीहरुको जोश र जाँगर इच्छाशक्तिको कारण सबै क्षेत्रमा महिला सहभागीता हुनुलाई समाज परिवर्तनको सकारात्मक उपजको रुपमा लिन सकिन्छ । घर, समाज अनि राष्ट्र निर्माण कै काममा समेत महत्वपूर्ण भुमिका निर्वाह गरिरहेका नारी समुदायको अस्मिताको संरक्षणको कुरा गर्नुपर्दा शून्य सुरक्षाको अवस्थाभन्दा अनुचित नहोला ।

नेपालमा दिनप्रतिदिन तिब्र गतिमा बढीरहेको बलात्कार, हत्या-हिंसा, एसिड आक्रमण, अपहरण, बेचखन जस्ता अपराधिक गतिविधिले महिलाहरुको अस्तित्वमाथि नै धावा बोलिरहेका आभास हुन्छ । यस्तो अपराधको सिकार हुनेमा कम उमेरका बालिकाहरु र किशोर अवस्थामा प्रवेश गर्दै गरेका युवतीहरुको संख्या बढीमात्रामा भएको पाइन्छ । हुन त उमेको हिसाबले ६०/७० बर्ष नाघिसकेको बृद्धअवस्थाका आमाहरु पनि बलात्कारको सिकार भएको घटना हाम्रो समाजभित्र यथेष्ट छन् । बलात्कारको प्रसङ्गमा भन्नुपर्दा २०७५ साल श्रावन ११ मा कञ्चनपुरको भीमदत्तनगरपालिका-१८ निम्बुखेडास्थित उखुबारीमा १३ बर्षिया बालिका निर्मला पन्तको शव बलात्कारपछि हत्या गरेको अवस्थामा फेला परेको थियो हालसम्म त्यो घटनाको सत्यतथ्य बाहिर आउन सकेको छैन भने पुनः उस्तै प्रकृतिको अकी घटना यसै माघ महिनामा भयो । बैतडीको दोगडकादार गाउँपालिका-७ चडेपानीकी १७ वर्षीया किशोरी भागरथी भट्टको हत्या भएको छ ।

बलात्कार सम्बन्धी जघन्य अपराधका घटना हरेक वर्ष बढ्दै जादा पछिलूला ५ वर्षमा बलात्कारका ११००० घटना दर्ता भए मध्येमा सबैभन्दा डरलाग्दो तथ्य बालिकाको संख्या ५००० रहेको प्रहरी तथ्यांकले देखाउँदछ । यो ५/६ वर्षमा बलात्कारका घटना दोब्बर संख्यामा बढेको देखिन्छ भने ०७५ साउनको कञ्चनपुरकी बालिका निर्मला पन्तदेखि ०७७ माघको बैतडीकी भागरथीसम्म आइपुग्दा देशमा ३३४७ जना बालिका बलात्कृत भएको प्रतिवेदनले देखाउदछ । अपराध लुकाउन १७ जना पीडितको हत्या भएको देखिन्छ यसरी तथ्यांक हेर्दा हामी अनुमान लगाउन सक्छौं हाम्रो देशमा हाम्रा चेलीबेटी कति सुरक्षित छन् भनेर ।



त्यस्तै मुलुककै राजधानी काठमाडौंमा २०७५/७६ मा २१० वटा घटना भएका थिए भने झापामा १३० । त्यसपछि सुनसरी, मोरङ र कैलालीमा धेरै घटना भएको तथ्यांक छ । सुनसरीमा ११०, मोरङमा १०२ र कैलालीमा १०० घटना भएको र ७७ वटै जिल्लामध्ये सबैभन्दा बढी घटना काठमाडौं र त्यसपछि झापामा भएको प्रहरी तथ्यांकले देखाउँछ ।

प्रदेशअनुसार विश्लेषण गर्दा प्रदेश १ मै बढी घटना भएको देखिन्छ । प्रदेश नं। १ मा २०७५/७६ मा ५९४ वटा घटना भए । त्यसपछि प्रदेश ५ मा ४०१ घटना भएको देखिन्छ । प्रदेश २ मा २८०, प्रदेश ३ मा २२५, प्रदेश ४ मा १६७, प्रदेश ६ मा १३५ र प्रदेश ७ मा १६० वटा बलात्कारको घटना भएको प्रहरी मुख्यालयले जनाएको छ। प्रतिवेदन अनुसार २६ देखि ३५ वर्षका महिला बढी बलात्कारको सिकार हुँदै आएको देखिन्छ । २०७५/७६का कुल घटनामध्ये यो उमेर समूहका ७३४ महिला पीडित भएको देखिन्छ। त्यसपछि ३० देखि ४५ वर्षका ४१० जना बलात्कृत भएको देखिन्छ । १७ देखि १८ वर्षका ३२८, १० वर्षमुनिका १६ र ११ देखि १६ वर्षका ९२ जना बलात्कृत भएको प्रहरी तथ्यांकले देखाउँछ । सातै प्रदेशको अभिलेखअनुसार अपहरणपछि ४१ जना बलात्कृत भएको, १० जनाको बलात्कार गरी हत्या र २ जनाको बलात्कारपछि हत्या प्रयास भएको जानकारी प्रतिवेदनले देखाउँदछ । प्रहरीको तथ्यांक अनुसार दैनिक औसत ६।४६ जनाको बलात्कृत हुने गरेको देखिन्छ । पीडित हुनेमा भने केही बालकहरू पनि रहेको पाइन्छ । यसैगरी बलात्कार मात्र नभई सबैखाले अपराधको जोखिममा बालबालिका र युवाहरू नै धैरै मात्रामा पर्नेगरेको देखिन्छ । अढाइ महिने शिशु देखि १० वर्ष मुनिका बालिकाहरु पनि बलात्कारपछि हत्याको झोखिममा पर्ने गरेको खबरले नेपाली समाज अछुतो छैन ।

२०७१ फागुनमा राजधानीको मुटु बसन्तपुरमा ट्युसन पढ्न गएका दुई किशोरीमाथि एसिड आक्रमण भएको थियो ।यसरी ७ वर्षभित्र देशभरमै १९ युवतीयुवती एसिड प्रहारको सिकार भएका देखिन्छ भने ३ जना पुरुष समेत एसिड प्रहारको पीडित भएको तथ्यांकले देखाउँदछ । एसिड आक्रमणका घटना प्रायः प्रेम प्रतिशोधमा बदलिएपछि भएका देखिन्छ । प्रेम प्रस्ताव अस्वीकार गर्दा, विवाह गर्न नमान्दा र असमझदारी बढेपछि प्रेमीले प्रेमिकामाथि एसिड आक्रमण गर्ने गरेको पाइएको प्रहरी अनुसन्धानले देखाउँछ ।

अपहरण, बलात्कार भने कतै एसिड प्रहार विभिन्न बहानामा लुटिनु, काटिनु वा लुछिनु पर्ने नारीले विवाह पश्चात भने दाइजो नल्याएको कारण शारीरिक, मानसिक यातनासँगै मर्नुपर्ने पनि हुन्छ । कतै बोक्सीको आरोपमा नारी नै जीउँदै जल्नुपर्छ भने आमाको गर्भमा रहँदा गर्भपतनको सिकार बन्नुपर्छ । बिगतमा श्रीमानको चितासँगै सती जानुपर्ने कुरितिलाइ हटाइ स्वतन्त्र भै बाच्ने अधिकार सुनिश्चित गरेको भएता पनि अहिलेको परिस्थितिमा आफ्नै श्रीमानले विभिन्न बहनामा श्रीमतीको हत्या गरेको दर्दनाक घटनाहरुले समाज दुखिरहेकोछ । ‘ खोइ कहा छ सुरक्षा नारीको ?’ जसको उत्तर एक जटिल प्रश्नमै सिमित रहेको देखिन्छ । सरोकारवाला पक्षहरुले जतिसुकै नारीवादको भाषण गरे पनि, महिला हकहित र अधिकारको कुरा गरे पनि, महिला शिक्षा, सहभागिताका कुरा गर्दै हिंडे तापनि, कानुनको पन्नामा कडा दण्ड सजाय दिने व्यवस्था भए तापनि अकाल मृत्यु खेप्न बाध्य छन् नारीहरु । आफ्नी आमाको गर्भदेखि नै गर्भपतनको समस्याबाट असुरक्षित हुँदै एक अबोध शिशुले यो धरामा पाइला टेकेदेखि नै अनेक किसिमका हिंसाको शिकार हुँदै मृत्युवरण गर्नुपर्नेसम्मको परिस्थिति झेल्नुपर्छ । तसर्थ समस्त नारीहरुको हित र सुरक्षा कहाँ र कसरी खोज्ने भनि एक गम्भीर प्रश्न आज सारा नेपालीको एक साझा सवाल बनिरहेकोछ । हाँस्दै खेल्दै विद्यालय जाने उमेरका सम्पूर्ण हाम्रा छोरीहरुलाई निर्मला र भागरथी जस्तो अनुसन्धानमै अल्झिएको घटनाको पात्र हुनबाट बचाऔं ।

अपराधीलाई दण्ड सजायमा कडाइ नहुँदा यस्तो घट्ना बढने क्रम जारी छ । विद्यालय जस्तो सम्वेदनशील ठाउँमा शिक्षकमा पनि विद्यार्थीहरु असुरक्षित छन् । सुरक्षाको कुरा गर्दा घर, समाज, बजार, मठ्मन्दिर, बाटोघाटो कहिँ कतै पनि सुरक्षित महशुस गर्ने अवस्था देखिदैन । आफ्नो बुवाबाट बलात्कारमा परेका कयौं बालिकाको चित्कारबाट पीडित छ हाम्रो समाज । काका, मामा दाजु, भाइ लगायतका हाड्नाताभित्र यस्तो अपराधमा पर्नेहरुको संख्या कूल सख्याको आधाभन्दा बढी नै रहेको प्रतिवेदनले देखाउँदछ । आफ्नो परिवार र सम्बन्धभित्र घटना भइसकेपछि ढाकछोप गरी पीडितको आवाजलाई दवाउने प्रवृत्तिले गर्दा प्रतिदिन अपराध बढीरहेको आकलन गरिन्छ । पहुचवाला र पदको दाबेदारबाट अथवा उनीहरुको नजिकका मान्छेहरुबाट हुने अपराधिक घटनामा राजनीतिक हस्तक्षेप भइ दोषीलाई लुकाइ पीडित पक्षलाई नै दोष दिने परिपाटीले ग्रसित हाम्रो समाजमा आज नारी अस्मिता लुटिन रत्तिभर समय लाग्दैन । हामी हरेक व्यक्ति, समाज, सम्बन्धित निकाय लगायत सिङ्गो राष्ट्रूले नै यस्ता अपराधिक गतिविधि के कस्ता कारणबाट भइरहेको छ ? यसलाई कसरी न्यूनीकरण गर्न सकिन्छ ? भन्ने कुराको मनोवैज्ञानिक ढंगबाट अध्ययन, अनुसन्धान तथा विश्लेषण गरी समाधानको उपाय नखोज्ने हो भने कुनै पनि छोरी आफ्नै घर, विधालय, हाटबजार, मठमन्दिर कहिँकतै पनि सुरक्षित भइ हियुल गर्ने अवस्था देखिन्न । तसर्थ हामी सबै सरोकारवाला व्यक्ति, निकाय, प्रशासन, राजनीति दल र नेता लगायत सिङ्गो राष्ट्रूले नै यो समस्यालाई गहन रुपमा बुझी सुरक्षित वातावरण सिर्जनाको लागि जुट्नु आजको आवश्यकता देखिन्छ ।

**पाँच...**

–उसु, देविका खड्का –जुडो, कमला श्रेष्ठ –फेन्सिङ रहेका छन् ।

त्यस्तै, वर्ष उत्कृष्ट खेलाडी –युवामा रेजिन सुब्बा –फुटबल, मनिता श्रेष्ठ प्रधान –जुडो, अनुजा कुलुङ राई –कबड्डी र वर्ष उत्कृष्ट प्रशिक्षकमा प्रवेश कटवाल –फुटबल, मदन उप्रेती –कराते, वोङदेन लामा –पौडी रहेका छन् । वर्ष खेलाडी पुरुषलाई एक थान मोटरसाइकल, वर्ष खेलाडी महिलालाई एक थान स्कुटर, वर्ष खेलाडी युवालाई नगद २५ हजार, वर्ष उत्कृष्ट प्रशिक्षकलाई नगद २५ हजार र ट्रफी प्रदान गरिने मञ्चका अध्यक्ष हिमाल खेरेलले जानकारी दिए ।

त्यस्तै, पिपुल्स च्वाइजअन्तर्गत एक खेलाडीलाई नगद २५ हजार र लाइफ टाइम्स अचिभमेन्ट अवार्डस्वरुप एकजनालाई नगद ३५ हजार रुपैयाँ प्रदान गरिनेछ । साथै, यो वर्ष दुईजनालाई नगद २५ हजारसहित स्पेसल अचिभमेन्ट अवार्ड प्रदान गरिने मञ्चले जनाएको छ ।

# पर्यटन पुर्वाधार विकासका लागि साझेदारी योजना

– **सन्दर्भ समाचारदाता**

भद्रपुर । झापाका १० स्थानीय तहमा पर्यटन पुर्वाधार विकासका लागि संघिय सरकारले स्थानीय पालिकाहरुसंग साझेदारी योजना अघि सारेको छ । कुल ४८ करोड ८३ लाखको योजना मध्ये स्थानीय तहले ३० प्रतिशत लगानी गर्नुपर्ने शर्त रहेको छ ।

पर्यटन उपज विकास साझेदारी कार्यक्रममार्फत सञ्चालन हुने परि योजनाहरुमा झापाका अर्जुनधाराको हलुवागढ पर्यापर्यटन प्रबर्द्धन परि योजनाका लागि ४ करोड ३५ लाख ५० हजार, बाह्रदशी गाउँपालिकाको साधुपर्ती झिल सिमसार क्षेत्रको पर्यटन प्रबर्द्धनमा ३ करोड ५० लाख, शिवसताक्षी नगरपालिकाको दोमुखा चिल्ड्रेन पार्क तथा स्वीमिङ पुल निर्माणमा एक करोड ३०



लाख, कचनकवल गाउँपालिकाको कचनकवलस्तभ्भ र केचना झिल ब्यवस्थापनका लागि ३ करोड ५० लाख, गौरीगञ्ज गाउँपालिकाको कारोबारी सिमसार क्षेत्रका लागि ३ करोड ५० लाख, कमल गाउँपालिकाको साधुहोली पर्यटन क्षेत्रका लागि ३ करोड ५० लाख, कनकाइ नगर पालिकाको कनकाइ सामुदायिक वनस्पती उद्यायन तथा विज्ञान पार्क परि योजनाका लागि ४ करोड ४९ लाख, भद्रपुर नगरपालिकाको साइन्स सिटी निर्माणका लागि ४ करोड ३८ लाख, दमक नगरपालिकाको इन्द्रेणी ताल संर क्षणका लागि ९८ लाख र हल्दिबारी गाउँपालिकाको भेलागढी लोकतान्त्री शहिद स्मृति पार्क निर्माणका लागि ३ करोड ५० लाख रकम संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले बिनियोजन गरेको छ। झापामा पर्यटन प्रबर्द्धनका लागि कुला ४८ करोड ८३ लाख रुपैया लगानी हुने मध्ये संघिय सरकारले झापाका १० पालिकालाई अलग अलग गरी ३४ करोड १८ लाख १० हजार रुयैया उपलब्ध गर ाउने छ भने झापाका पालिकाहरुले आ आफ्नो पर्यटन क्षेत्रमा परेको बजेटको ३० प्रतिशत हुन आउने जम्मा १४ करोड ६४ लाख ९० हजार रकम साझेदारी गर्नु पर्नेछ ।

# गौरादह नगरपालिकामा शिक्षकहरू धर्नामा

– **सन्दर्भ समाचारदाता**

भद्रपुर । गौरादह शिक्षक महासंघ नगर समितिले नगरपालिका कार्यालय अगाडि आज शुक्रबार धर्ना दिएको छ । गौरादह नगरपालिकाले शिक्षा बजेटमा व्यापक कटौती गरेको भन्दै शिक्षक महासंघ नगरसमितिको अगुवाईमा सामुदायिक विद्यालयका शिक्षकहरूले ३ घण्टा धर्ना दिएका हुन् । शिक्षकहरूले नारावाजी गर्दै प्ले कार्ड र व्यानर सहित जनता मावि विद्यालयदेखि गौरादह बजार, डिपु चौक हुँदै नगरपालिका कार्यालय अगाडि धर्ना दिएका थिए ।

आर्थिक वर्ष २०७७र७८ मा छैठो नगरसभाबाट पारित शिक्षा बजेट अन्तर्गत नगरपालिकाले बाल शिक्षक र कर्मचारी प्रोत्साहन भत्ता, विद्यालय कर्मचारी निवृत प्रोत्साहन भत्ता, अंग्रेजी शिक्षक व्यवस्थापन प्रा. वि।.तह स्वयसेवक र प्ले ग्रुप कक्षा व्यवस्थापनलगायत १३ बुँदै मागसहित महासंघले धर्ना दिएको हो ।

गौरादह नगरपालि भित्र रहेका ३२ वटा सामुदायिक विद्यालयका शिक्षकहरूले



हाजिर पुस्तिकासहित धर्नामा सहभागी भएका थिए । उनीहरू सबै धर्ना स्थलमै हाजिर गरेका थिए । शिक्षकहरू धर्नामा गएपछि गौरादह नगरपालिकाको सबै सामुदायिक विद्यालयहरूमा पठनपाठन ठप्प रह्यो । विद्यालयहरूमा पठनपाठन हुन सकेन ।

नगरपालिकाले बाल शिक्षक र कर्मचारी प्रोत्साहन शिर्षकमा १४ लाख ४० हजार रूपैयाँ, विद्यालय कर्मचारी निवृत प्रोत्साहन शिर्षकमा ४ लाख रूपैयाँ, २० जना अंग्रेजी शिक्षक प्रा। वि। तह ९ स्वयंसेवक० शिर्षकमा ३९ लाख रूपैयाँ र प्ले ग्रुप कक्षा व्यवस्थापन शिर्षकमा ८ लाख रूपैयाँ कटौती गरेको छ । कटौती गरिएको बजेटको विषयमा व्यक्तिगत तथा संस्थागतरूपमा पटक (पटक ध्यानाकर्षण गराए पनि नगरपालिकाले गम्भीरतापूर्वक नलिएकोले चरणवद्व आन्दोलन गर्नु पर्ने बाध्यता भएको अध्यक्ष बाबुराम भण्डारीले बताए ।

नगरको शैक्षिक गुणस्तरमा नगरपालिका सजक रहेको बताउँदै शिक्षामा नगरपालिकाको छैठो नगर सभाबाट १ करोड ८६ लाख रूपैयाँमा छुट्याएको गौरादह नगरपालिकाका प्रमुख रोहित कुमार साहले जानकारी गराए । कोरोना भाईरसको महामारीले वजेटको कार्यान्वयनमा चुनौती थपिएको नगर प्रमुख साहको भनाई थियो । शिक्षकहरूको मागप्रति नगरपालिका संवेदनशील भएको बताउँदै बार्ताको माध्यमबाट समस्याको हल गर्ने नगरप्रमुख साहले बताए ।

धर्ना कार्यक्रममा नेपाल शिक्षक महासंघका अध्यक्ष बाबुराम भण्डारी, नेपाल शिक्षक संगठन गौरादहका अध्यक्ष लिला गौतम, शिक्षक संघ गौरादहका अध्यक्ष रत्न कटुवाल, प्रगति माविका प्रअ डिल्लीराम अधिकारी, जनता माविका प्रअ हरि अधिकारी, मोती माविका कर्मचारी हरी ढकाल, बालशिक्षक भगवती भण्डारीलगायतले बोलेका थिए भने सञ्चालन महासंघका सचिव पुन्य मिश्रले गरेका थिए ।

# झापाका आदिवासी जनजाति श्रष्टाहरु संगठित

– **सन्दर्भ समाचारदाता**

भद्रपुर । झापाका आदिवासी जनजाति श्रष्टाहरु संगठित भएका छन् । विर्तामोडमा शनिवार सम्पन्न भेलाले मधुराज केरुङको संयोजकत्वमा नेपाल आदिवासी जनजाति साहित्यकार महासंघ लिम्बुवान राज्य समिति गठन गरिएको छ । गठित तर्दथ समितिको सहसंयोजकत्रयमा शिरेन बान्तावा ,पार्वता पोमु ,दावा शेर्पा,सचिवमा छत्र दर्लामी ,सहसचिवमा सुनिता तामाङ र कोषाध्यक्षमा सुजन सेलिङ रहेका छन् ।



यस्तै सदस्यहरुमा डा. छत्र माबो ,अजित धिमाल ,इक्साहाङ चेम्जोङ ,अर्चना गुरुङ ,इन्द्रसिंह राजबंशी ,मन्जुल सुनुवार , निमा पोङ्सुवा भोटिया र जितेन साङपाङ रहेका छन् ।

यस्तै, केन्द्रिय प्रतिनिधिहरुमा बिराट किराती र जितेन पन्दाक तथा सल्लाहकारहरु मुनाराज शेर्मा, सुमित्रा बाङ्देल चेलि र सेसेहाङ फियाक रहेका छन् । भेलामा महासंघका केन्द्रीय संयोजक राजन मुकारुङ र सह संयोजक टंक सेलिङको उपस्थिति रहेको थियो ।








